# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति:२०७९/०२/१०
बैठक संख्या: १४६
समय: दिनको १:०० बजे

अर्थ समितिको आज मिति २०७९ जेठ १० गते बसेको बैठकमा समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकाय, सरोकारवाला विभिन्न विषयगत मन्त्रालय, निजी क्षेत्र, विज्ञ लगायतसँग विभिन्न मितिमा भएको छलफल र उक्त छलफलमा उठेका विषय साथै प्राप्त सुझावहरु समेतका आधारमा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटमा समेट्नुपर्ने मुख्य प्राथमिकताका विषयहरु र बजेटले सम्बोधन गर्नुपर्ने विषय सम्बन्धमा छलफल गरी अर्थ मन्त्रालयलाई देहाय बमोजिमको सुझावहरु कार्यान्वयनको लागि निर्देशन दिने निर्णय भयो।

**सुझाव:**

**१. आगामी बजेटले प्राथमिकता दिनुपर्ने क्षेत्रहरु**

- अर्थतन्त्रमा बचत र लगानी मार्फत पूँजी निर्माण र आर्थिक वृद्धि
- श्रम व्यवस्थापन, आन्तरिक रोजगारी सृजना र गरिबी न्यूनीकरण
- औद्योगिकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि र आत्मनिर्भर अर्थतन्त्रको निर्माण
- कृषि प्रणालीको आधुनिकीकरण, व्यवसायिकरण, औद्योगिकरण, बजारीकरण र विकास
- समाजिक न्याय, सामाजिक सुरक्षा, सामाजिक संरक्षण तथा समावेशिकरण
- आर्थिक सामाजिक विकासका पूर्वाधार निर्माण, राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजनाको तिव्र कार्यान्वयन

**२. आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि केही सुझाव**

मुलुकमा आयातित वस्तुको उपभोग गर्ने संस्कृतिको विकास हुदै गएको सन्दर्भमा नेपाली उत्पादन उपभोग गर्ने बानीको विकास गर्दै आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न देहायका कार्यक्रम सञ्चालन गर्ने:

- स्वदेशी वस्तु उत्पादन, प्रवर्द्धन, उपभोग र विकास गर्न दीर्घकालीन सोँच सहितको रणनीति तय गरी लागु गर्ने,
- सबै राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिले प्रयोग गर्ने पोशाक अनिवार्य रुपमा नेपाली उत्पादन हुनुपर्ने व्यवस्था गर्ने,
- कार्यालयमा प्रयोग गरिने कार्यालय सामग्री सम्भव भएसम्म नेपालमा उत्पादित वस्तुको हुनुपर्ने गरी अनिवार्य गर्ने,

- कार्यालयमा प्रयोग गरिने फर्निचर नेपाली काठको प्रयोग गरी नेपाली फर्निचर उद्योगबाट उत्पादित गरिएको हुनुपर्ने व्यवस्था अनिवार्य गर्ने,
- Make in Nepal अभियानलाई प्रोत्साहन गर्न विद्युत, कर, शुल्क लगायतका सहुलियत र सुविधा उपलब्ध गराउने,
- SEZ, IT Park र EPZ जस्ता पूर्वाधारयुक्त क्षेत्रमा लगानी आकर्षण हुन नसक्नुका कारण खोजी आवश्यक सुविधा र सहुलियत सहित लगानी आकर्षण गर्ने,
- आयात गरिने खाद्य पदार्थ नेपालमै आत्मनिर्भर हुने गरी उत्पादन भएको भए उक्त खाद्य पदार्थको भन्सार दरबन्दी वृद्धि गर्ने,
- आत्मनिर्भर हुने गरी उत्पादन भइरहेका सिमेन्ट लगायतका बस्तुहरुको प्रयोग सडक निर्माणका कार्यमा समेत गर्नको लागि अध्ययन गरी हालको कालोपत्रे गर्ने पद्धतिलाई ढलान गर्ने पद्धतिले प्रतिस्थापन गर्ने कार्यक्रम सञ्चालन गर्ने,
- आगामी पाँच वर्षभित्र सबै कृषिजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी कार्यक्रम तय गर्दै सोही अनुरुप बजेट विनियोजन गर्ने,
- स्थानीय कच्चा पदार्थामा आधारित नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा समेत प्रतिस्पर्धी हुन सक्ने गरी आवश्यक आर्थिक र गैरआर्थिक सुविधाहरु उपलब्ध गराउने,
- नेपालमा उत्पादित वस्तुहरुको उपभोग गर्ने संस्कृतिमा विकास गर्न त्यस्ता वस्तुहरु सुपथ मूल्यका पसल मार्फत विक्रि वितरण गर्ने व्यवस्था मिलाउने,
- छरिएर रहेका रोजगारमूलक कार्यक्रमहरुको अध्ययन अनुसन्धान गरी एकिकृत रुपमा श्रम व्यवस्थापन र रोजगारी व्यवस्थापन गर्ने निकायको रुपमा एक उच्चस्तरी अधिकार सम्पन्न निकाय गठन गर्ने र सबै रोजगारमूलक कार्यक्रमहरुलाई सोही निकायमार्फत सञ्चालन र समन्वय गर्ने व्यवस्था गर्ने,
- नेपाली उत्पादनलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार कृषक र उद्यमीलाई अनुदान लगायतका सुविधा प्रदान गर्ने उद्योग विस्तारका कार्यक्रम ल्याई बजेट विनियोजन गर्ने।

**३. आयोजना व्यवस्थापन र पूर्वाधार निर्माण सम्बन्धमा**

- आयोजना छनोटका लागि विभिन्न लाभ लागत विश्लेषण गर्ने क्षमताको विकास गरी पर्याप्त तयारी सहितको आयोजना बैंकको निर्माण गर्ने र संघ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने योजना कार्यक्रमको स्पष्ट मापदण्ड बनाउने,
- आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरुको सुलभ र सहज रुपमा नियमित आपूर्ति हुने व्यवस्था गर्ने,
- प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्दै स्रोतको सुनिश्चितता सहित समयमा सम्पन्न र भुक्तानी हुने गरी प्रभावकारी व्यवस्थापन गर्ने,

- वैदेशिक स्रोतमा आधारित आयोजनाको लागि नेपाल सरकारले counterpart equivalent fund को व्यवस्था गरी स्रोतको सुनिश्चितता गर्ने,
- प्रदेश तथा स्थानीय तहलाई राष्ट्रिय योजनालाई समेत आधार लिई आफ्नो तहको योजना निर्माण गर्न सहजीकरण गर्ने,
- पूर्वाधार निर्माणका आयोजनाहरु निर्माणमा सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप डिजाईन-बिल्ट-फिनान्स-अपरेट-मेनेज (Design-Build-Finance-Operate-Manage) जस्ता आधुनिक करार सम्झौता अवलम्बन गरी गुणस्तरमा सुनिश्चितता कायम गर्ने कार्य अगाडि बढाउने,
- परियोजना विकासका निम्ति लगानीको वैकल्पिक स्रोतहरू जस्तै blended finance, Green Climate Fund, sovereign fund, climate bonds, विप्रेषण कोष लगायतका श्रोतको निम्ति नीतिगत कानुनी तथा संस्थागत प्रबन्ध मिलाउने,
- सार्वजनिक निजी साझेदारीमा आधारित परियोजना विकास गरी लगानी प्रवर्द्धन गर्न आवश्यक जनशक्ति तथा संगठनिक विकास सहित लगानी बोर्ड नेपाललाई थप सबलीकरण गर्ने। यसको लागि वैदेशिक तथा स्वदेशी लगानी आकर्षण गर्न आवश्यक कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार सहित स्वच्छ र पारदर्शी रुपमा लगानी भित्र्याउने गरी लगानीमैत्री वातावरण सिर्जना गर्ने।
- राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजनालाई प्राथमिकता दिई बाँकी काम तिव्र गतिमा सम्पन्न गर्ने कार्ययोजना सहित पर्याप्त बजेट विनियोजन गर्ने,
- पूर्वाधार निर्माणमा प्राविधिक जनशक्तिको महत्वपूर्ण भूमिका हुने हुँदा O&M गरी आवश्यक दरबन्दी सिर्जना गरी लोकसेवा आयोग मार्फत प्राविधिक जनशक्ति आपूर्ति गर्ने,
- पूर्वाधार निर्माण सम्बन्धमा गुरुयोजना निर्माण गरी विपन्न, लोपोन्मुख र सिमान्तकृत जातजाति र समुदायलाई target गरी सुरक्षित, किफायती र वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने,
- पुँजीगत खर्च बढाउन राष्ट्रिय विकास समस्या समाधान समितिलाई सक्रिय बनाई निरन्तर रुपमा अनुगमन मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्ने गराउने,
- पुँजीगत खर्च वृद्धि गर्न नतिजामूलक Indicator Based Monitoring and Evaluation System लागू गर्ने,
- ठूला-ठूला पूर्वाधार निर्माण र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न आधुनिक प्रविधिलाई अंगिकार गर्ने,
- एकापसमा आश्रित एउटै प्राकृतिक श्रोत तथा जनशक्तिमा निर्भर र भौगोलिक रूपमा निकट रहेका शहरहबीच अन्तर आवद्धता वृद्धि गर्न एकीकृत पूर्वाधार विकास निर्माण कार्य गर्ने,
- संचालित भइरहेका पूर्वाधार संरचनाको मर्मतसम्भारमा द्रुत सेवा प्रदान गर्नका लागि तिनै तहमा पुर्वाधार एम्बुलेन्स सेवाको सुरुवात गर्ने,
- पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना सञ्चालनको लागि आवश्यक जग्गा प्राप्ती पश्चात बजेट छुट्याउनु पर्ने,
- पुष्पलाल राजमार्ग, हुलाकी राजमार्ग, कोशी करिडोर,कर्णाली करिडोर, कालीगण्डकी करिडोरको बाँकी खण्डको ठेक्का व्यवस्थापनको लागि बजेट विनियोजन गरी प्राथमिकताका साथ सम्पन्न गर्ने,

- सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगबीच व्यापक छलफल र अन्तरक्रिया गरी योजना बैंक तयार गर्ने र सोही आधारमा अर्थ मन्त्रालयसँग सहकार्य गरी योजना कार्यान्वयनको लागि गुरुयोजना र आवधिक योजनाहरु तयार गर्नुपर्ने,
- बजेट कार्यान्वयनमा कम महत्वपूर्ण आयोजनाहरुलाई earmark गर्ने र महत्वपूर्ण आयोजनामा बजेट कमी हुने प्रवृत्ति देखिएकाले महत्वपूर्ण आयोजनाको मात्र earmark गर्ने,
- PPP Model मा संचालन हुने जलबिद्युत तथा अन्य पूर्वाधार क्षेत्रहरुमा लगानीका लागि बैंकिङ्ग च्यानलबाट आउने कूल बिप्रेषणको १० प्रतिशत रकम विप्रेषण आप्रवाह कोष खडा गरि त्यतिनै रकम बराबर सरकारले अनुदान बापत कोषमा जम्मा गरी पुंजी निर्माण गर्ने साथै उक्त कोषको रकमबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको IPO विप्रेषणकर्ताले खरिद गर्न सक्ने कानूनी व्यवस्था मिलाउने।

**४. कृषि तथा वन पैदावार सम्बन्धमा**

- कृषि क्षेत्रलाई व्यवसायीकरण, बजारीकरण तथा यान्त्रीकरण गर्न कुल बजेटको ५% बजेट विनियोजन गर्ने,
- न्यूनतम समर्थन मूल्यमा सरकारले कृषकबाट खाद्यान्न खरिद गरी भण्डारणका लागि गोदाम घर निर्माण गर्ने,
- आगामी पाँच वर्षमा कृषि उत्पादनमा आत्मनिर्भर हुनेगरी कार्यक्रम निर्माण गर्ने,
- किसान सूचीकरण गरी स्थानीय तह मार्फत किसान परिचयपत्र दिने र उक्त परिचयपत्र मार्फत तीनै तहका सरकारहरुबाट किसानलाई प्राप्त हुने अनुदान लगायतका सेवा सुविधा सिधै किसानको खातामा उपलब्ध हुनेगरी कानूनी व्यवस्था र प्रविधिको प्रयोग गरी प्रकृयागत व्यवस्था मिलाउने,
- राष्ट्रिय प्राङगारिक कृषि प्रवर्द्धन केन्द्रको विकास गरी प्राङगारिक मल उत्पादन तथा वितरण कार्यक्रमलाई व्यापक बनाउने,
- देशभरिका किसानलाई प्रविधीको सेवा तथा सल्लाह प्रदान गर्न एकद्वार प्रणालीमार्फत किसान कल सेन्टर सञ्चालन गरी कृषकलाई सूचना उपलब्ध गराउने,
- कृषिबाली, वस्तु, पशुपन्छी, माछा आदिको स्थानीय तथा रैथाने जात नस्लको प्रवर्द्धन एवं सम्बर्धन गरी जैविक विविधताको संरक्षण गर्ने,
- देशको करिब ४५% भागमा फैलिएको वन क्षेत्रको संरक्षण, संवर्धन र व्यवस्थापन गर्दै विकास र वातावरण बीच सन्तुलन कायम गर्न वन क्षेत्रको आवश्यक नीतिगत, कानुनी तथा संस्थागत पुनर्संगठन सहित सुदृढीकरण गर्ने,
- मुख्य शहरहरूको सडकमा बिरुवा, रुख रोपी हरित सडक अभियान कार्यक्रम सुरुवात गर्ने,
- निजी तथा कवुलियती वनमा कृषि वन प्रणालीलाई प्रोत्साहन गर्ने,
- मुलुकलाई काठमा क्रमश आत्मनिर्भर बनाइ काठ दाउराको सर्वसुलभ आपूर्ति गर्ने र सहकारी तथा निजी क्षेत्रको समेत लगानी आकर्षित गरी वनजन्य उद्यम विकास तथा विस्तार गर्ने,

- वनस्पति र वन्यजन्तुको स्वस्थानीय र परस्थानिय समर्थनका लागि प्राणी उद्यान, वनस्पति उद्यान, राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा सिमसार क्षेत्रहरुको कार्ययोजना सहितको उचित संरक्षण तथा व्यवस्थापन गर्ने,
- कार्बन उत्सर्जन न्यूनीकरण गर्ने आयोजनालाई बजेट सुनिश्चित गर्ने,
- बहुमूल्य जडिबुटी संरक्षण तथा प्रवर्द्धन गर्न सम्भाव्यता र उपलब्धताको आधारमा पकेट क्षेत्र पहिचान गरी जडीबुटी खेती विस्तार तथा उत्पादन गरी आन्तरिक बजारमा बजारीकरण गरी बाँकी निर्यातसमेत गर्ने गरी कार्यक्रम ल्याउने,
- जनस्वास्थ्यलाई ख्याल गर्दै उत्पादित खाद्य वस्तुहरुको गुणस्तर तथा खाद्य स्वच्छता प्रवर्द्धन गर्न स्पष्ट मापदण्ड बनाई कडाइका साथ कार्यान्वयन गर्ने र गुणस्तर परीक्षण, अनुगमन र नियमनमा ध्यान दिने र त्यसका लागि आवश्यक बजेट विनियोजन गर्ने,
- कृषि पेशालाई युवा वर्गमा आकर्षक बनाउन कृषिसँग सम्बन्धित विद्यार्थिलाई कृषि फर्मको व्यवहारि अध्यापन गराउने कार्यक्रम सञ्चालन गर्ने,
- कृषि तथा पशुपन्छी व्यवसायमा संलग्न उद्यमीहरुलाई कृषि यन्त्र उपकरण, ढुवानीका साधन लगायतका कृषि सामग्री खरिद गर्न पोत्साहनका लागि कृषि कर्जाको व्याजदर, भन्सार शुल्क र विद्युत महशुलमा विशेष सहुलियत दिने,
- कृषि बजारलाई उपभोग र किसानमैत्री बनाउन बजारहरुमा होल्डिङ्ग यार्ड, कृषक स्टलहरूको व्यवस्था गरी अक्सन प्रक्रियाबाट खरिद बिक्री गर्ने प्रणालीको सञ्चालन गर्ने,
- कृषि क्षेत्रमा उन्नति हासिल गरेका मुलुकहरुसँग नेपाली नागरिकले सीप, प्रविधि, तालिम लिने व्यवस्था गर्ने,
- कृषिमा नविनतम सोंच तथा उत्पादनदेखि बजारीकरणसम्म सहजीकरण गर्न सातै प्रदेशमा कृषि एक्सिलेन्ट केन्द्र खोल्ने,
- होम स्टेको माध्यमबाट आन्तरिक पर्यटकहरूको आकर्षण बढाउने साथै अर्गानिक कृषि होमस्टेको मापदण्डको तयारी गरी कार्यान्वयनमा ल्याउने,
- कृषि क्षेत्रको लागि मल, बीउ तथा विषादीको सहज उपलब्धता तथा सिँचाइको समुचित व्यवस्था मिलाउने,
- कृषि बजारीकरणमा बिचौलियाको प्रभाव अन्त्य गर्न किसान र व्यवसायीको प्रत्यक्ष संलग्नता हुने गरी हरेक स्थानीय तहमा एउटा अत्याधुनिक कृषि बजार एग्रोभेट/संकलन घर/शित भण्डार सहितको केन्द्र निर्माण गर्ने,
- बजार पुग्न नसकेका मागभन्दा बढी उत्पादन भएका कृषिजन्य उत्पादनलाई प्रशोधन गरी कृषि उपजलाई तत्काल नासिनबाट जोगाउदै मूल्य अभिवृद्धि हुने कार्यक्रम लागू गर्ने।

**५. शिक्षा तथा रोजगार सम्बन्धमा**

- प्रत्येक आर्थिक वर्षमा मुलुकमा आवश्यक पर्ने वा कुल माग हुने जनशक्ति र आपूर्ति हुने जनशक्ति तथ्याङ्क नभएकोले जनशक्ति परिक्षण गर्न नसकिएको र बजारमा भएको जनशक्तिको प्रयोग गर्न नसकिएकोले जनशक्ति व्यवस्थापन र विकास अध्ययन केन्द्र स्थापना गर्ने र राष्ट्रिय आवश्यकता

अनुसारको जनशक्ति उक्त केन्द्रको सिफारिस बमोजिम आपूर्ति हुने स्थायी प्रबन्ध गर्ने गरी कानूनी व्यवस्था गर्ने,

- प्राविधिक शिक्षाको गुणस्तर सम्बन्धी एकीकृत मापदण्ड विकास गरी सातवटै प्रदेशमा प्राविधिक विश्वविद्यालयको स्थापना गर्ने,
- राष्ट्रियस्तरको वैज्ञानिकहरूको उत्प्रेरणा वृद्धिको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,
- विज्ञान प्रदर्शनी तथा सम्मेलन केन्द्र, बहु विधागत विज्ञान अनुसन्धान केन्द्र र अन्तरिक्ष अध्ययन केन्द्रको सम्भाव्यता अध्ययन गर्ने,
- राष्ट्रियस्तरको विधि विज्ञान प्रयोगशाला र राष्ट्रिय आविष्कार केन्द्रलाई सुदृढ गर्दै सबै प्रदेश तहमा विस्तार गर्दै जाने,
- स्वयम् सिकाई भएका युवाहरुका लागि सीप परीक्षण गरी प्रमाणपत्र दिने तथा स्वरोजगारको लागि सरकारले न्यूनतम ब्याजमा ऋण उपलब्ध गराउने,
- आधुनिक सूचना प्रविधिको प्रयोग गरी अन्तर्राष्ट्रिय स्तरका दक्ष जनशक्ति उत्पादन गर्न विश्वका उत्कृष्ट विश्वविद्यालयहरुको पठनपाठन र सिकाईको अनुशरण गर्ने,
- प्रत्येक प्रदेशमा Centre of Excellence स्थापना गर्ने,
- चिकित्सा शिक्षालाई व्यवस्थापन तथा नियमन गर्न स्थापना भएको चिकित्साशिक्षा आयोगलाई सुदृढ तथा सबलीकरण गरी निजी चिकित्सा शिक्षामा देखिएको अनियमितता तथा बेथितिलाई हटाउन चिकित्साशिक्षा आयोगलाई कानुनी, नैतिक तथा वित्तीय हिसाबले मजबुत बनाउने,
- प्रत्येक प्रदेशमा सामाजिक, आर्थिक, शैक्षिक रूपमा वञ्चितीकरणमा परेका जेहेन्दार तथा प्रतिभाशाली विद्यार्थीहरूका लागि बुढानिलकण्ठ स्कुलस्तरका आवासीय विद्यालय स्थापना गरी शिक्षामा सबैको पहुँचको नारालाई व्यवहारमा कार्यान्वयन गर्ने,
- स्वदेशमा नै गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराई विशेषगरी मेडिकल शिक्षण अस्पतालहरुको विकास गरी स्वदेशी तथा छिमेकी राष्ट्र भारतका विद्यार्थीको आकर्षक स्थल बनाउने।

## ६. स्वास्थ्य क्षेत्र सम्बन्धमा

- संक्रामक तथा अन्य रोगबाट बच्न रोगको रोकथाम तथा नियन्त्रण गर्न स्वास्थ्यसम्बन्धी पूर्वाधार, औषधि र चिकित्सकको सेवा विस्तार गर्न स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेट छुट्याउने,
- सबै स्थानीय तहमा Preventive Measure को रुपमा प्राकृतिक उपचार केन्द्र, व्यायामशाला र खेलमैदानहरुको स्थापना गर्न सहजीकरण गर्दै आवश्यक थप बजेट समेत व्यवस्था गर्ने,
- सबै जनताको पहुँचमा खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउने,
- सरकारी अस्पतालमा थप ICU BED स्थापना गर्ने र स्तरोन्नती गर्ने,
- आधारभूत स्वास्थ्य सम्बन्धी कार्य स्थानीय तहको अधिकारक्षेत्र अन्तर्गत पर्ने हुँदा हरेक पालिकामा १५ शैयासम्मको आधारभूत अस्पताल निर्माण गर्ने,
- स्वास्थ्य बीमा कार्यक्रमलाई हरेक नागरिकको पहुँच हुने गरी विस्तार गर्न निरपेक्ष गरिबीका रेखा मुनिका गरिब नागरिकलाई सरकारले बीमा गरिदिने गरी बजेट व्यवस्था गर्ने,

- सङ्घले नै पुलदरबन्दी सिर्जना गरी स्थानीय तहको स्वस्थ्य संस्थामा कम्तिमा एक चिकित्सक पठाउने व्यवस्था अनिवार्य गर्ने,
- प्रत्येक प्रदेशमा कम्तिमा ५००/५०० शैयाको अस्पताल निर्माण गर्न बजेट व्यवस्था गर्ने,
- आधुनिक र सुविधा सम्पन्न राष्ट्रिय रोग निदान केन्द्र स्थापना गर्ने,
- नसर्ने रोगको सम्बन्धमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी नागरिकहरुलाई सचेत गराउने तथा निशुल्क परीक्षणको समेत व्यवस्था गर्ने,
- असाहय तथा ठूलो रोग लागि मृत्युको अन्तिम अवस्थामा रहेका बिरामीलाई उपचार तथा सेवा गर्न rehabitation center (पुनःस्थापना) स्थापना गर्ने।

**७. ऊर्जा, जलस्रोत तथा सिंचाई सम्बन्धमा**

- विद्युतको आन्तरिक माग प्रक्षेपण गरी उत्पादित विद्युतलाई सहज, सुलभ र सस्तो रुपमा आन्तरिक खपत गर्दै पेट्रोलियम पदार्थको खपतलाई निरुत्साहित गर्ने कार्यक्रम ल्याउने,
- विद्युत उत्पादनलाई नदी प्रवाहमा आधारित अर्ध जलाशययुक्त र जलाशययुक्त आयोजनाको मिश्रण को रुपमा विकास गर्ने दीर्घकालीन सोंचसहित कार्यक्रम सञ्चालन गर्ने र पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनालाई आगामी वर्षबाट सञ्चालन गर्न पर्याप्त बजेट व्यवस्था गर्ने,
- नेपालको पानी जनताको लगानी अभियानलाई निरन्तरता दिने,
- विद्युत् प्रसारण लाइन र सबस्टेसन निर्माण गर्ने साथै उत्तर-दक्षिण प्रसारण लाइन निर्माणमा प्राथमिकता दिने,
- राष्ट्रिय ग्रीड प्रणालीलाई मुलुकभर विस्तार गरी भरपर्दो विद्युत आपूर्ति सुनिश्चित गर्दै LPG ग्यास र दाउराको प्रयोगलाई घरायसि प्रयोजनबाट प्रतिस्थापन गर्ने गरी कार्यक्रम ल्याउने,
- फोहर मैलाबाट प्राङ्गारीक मल र उर्जा उत्पादन गर्न निजीक्षेत्र लाई प्रवर्द्धन गर्ने,
- विद्युत उत्पादन, प्रसारण र वितरणको लागि छुट्टा छुट्टै संयन्त्र निर्माण गर्ने,
- तराई तथा भित्री मधेसका जिल्लामा स्यालो ट्युवेल र डिप ट्यूवेल जडान गरी कृषियोग्य जमीनमा भूमिगत सिँचाइ गर्ने,
- पहाडी तथा हिमाली क्षेत्रको कृषियोग्य जमीनमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट सिंचाइ कार्यक्रम संचालन गर्ने,
- जनताको तटवन्ध कार्यक्रमलाई प्राथमिकता दिने,
- नदी नियन्त्रण र पहिरो व्यवस्थापनमा bio-engineering प्रविधिको प्रयोग गर्ने।

**८. खानेपानी तथा सरसफाई सम्बन्धमा**

- मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको कार्यलाई प्राथमिकता दिनेगरी बजेट विनियोजन गर्ने,
- सबै नागरिकमा आधारभूत खानेपानी सेवाको पहुँच सुनिश्चित हुने गरी कार्यक्रम बनाई बजेट विनियोजन गर्ने,
- सञ्चालित खानेपानी आयोजनाको नियमितरुपमा सङ्घ, प्रदेश र स्थानीय तहबाट मर्मतसम्भार गर्ने गराउने,
- खानेपानीका स्रोत तथा जलाधार क्षेत्रको पहिचान, संरक्षण र विकास गर्ने,

- शहरी क्षेत्रमा सार्वजनिक शौचालय तथा ढल निर्माणलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने।

## ९. संस्कृति र पर्यटन सम्बन्धमा

- पर्यटन क्षेत्रलाई विदेशी मुद्रा आर्जनको पहिलो स्रोतको रुपमा स्थापित गर्ने गरी यस क्षेत्रसँग सम्बन्धित पुर्वाधार निर्माण लगायतका एकिकृत कार्यक्रम सञ्चालन गर्ने गरी बजेट विनियोजन गर्ने,
- नेपाल वायुसेवा निगममा पुँजीमा वृद्धि गरी strategic partner भित्र्याउने व्यवस्था गर्ने,
- जीर्ण अवस्थामा रहेका पुराना मठ, मन्दिर, पाटी पौवा, ऐतिहासिक गढी, किल्ला, स्मारक, धार्मिक स्थलको संरक्षण तथा निर्माण गर्न प्रदेश र स्थानीय तहसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
- अन्तरप्रदेश हवाई सम्पर्क विस्तार गर्न र अन्तर्राष्ट्रिय हवाई सेवा बढाउन प्राथमिकता दिने,
- निजी क्षेत्रको हवाई सेवा कम्पनीलाई पहाडी इलाकामा उडान भर्नका लागि अनिवार्य गर्ने,
- प्रत्येक प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधारहरूको विकास गरी आफ्नो मौलिक विशेषताको पहिचान गरी पर्यटन प्रवर्द्धनको माध्यमको रुपमा विकास गर्न सहजीकरण गर्ने,
- पर्यटनको विभिन्न रूपहरू जस्तै पर्वतीय, कृषि, ग्रामीण, जलयात्रा, साँस्कृतिक, मनोरञ्जन, खेल, प्राकृतिक उपचार, स्वास्थ्य तथा पर्यापर्यटनको पूर्वाधारहरु विकास गर्न बजेट विनियोजन गर्ने,
- पर्यटन क्षेत्रलाई आयकर ऐन, २०५८ बमोजिम उत्पादनमूलक उद्योगलाई प्रदान गरिएको सम्पूर्ण सुविधा उपलब्ध गराउने गरी पर्यटन उद्योगलाई पुनर्उत्थानमा जोड दिने,
- पर्यटन व्यवसाय अन्तर्गत पर्ने होटल व्यवसायीहरुको लगानीको स्तर हेरी पुनरकर्जाको सीमा बढाउने,
- मध्यपहाडी लोकमार्ग आसपास र हिमाली क्षेत्रमा नयाँ गन्तव्यमा स्थापना गरिने होटलहरुको लागि विशेष छुट तथा सुविधाको व्यवस्था गर्ने,
- होटलले Renovation/Refurbishment को लागि आयात गर्ने सरसामानहरुमा लाग्ने भन्सार दरमा सहुलियत दिने। Eco-friendly होटल संचालन गर्नेहरुको लागि सामग्रीमा कर छुट दिने,
- होटल व्यवसायको पुनरुत्थान तथा विकासको लागि विद्युत महशुलमा सहुलियत दिने,
- पर्यटन प्रवर्द्धनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने।

## १०. सहरी विकास सम्बन्धमा

- विपन्न, लोपोन्मुख र सीमान्तकृत जातजाति र समुदायलाई target गरी सुरक्षित, किफायती र वातावरणमैत्री आवास सहित एकीकृत बस्तीहरूको विकास गर्ने,
- सहरी पूर्वाधार निर्माण र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्न अत्याधुनिक एवं सूचना प्रविधिलाई अंगिकार गर्दै स्मार्ट सहरहरु विकास गर्न अध्ययन गरी बजेट विनियोजन गर्ने,
- सहरी-ग्रामीण अन्तर आबद्धता सुदृढ गर्न प्रदेशका प्रमुख शहर तथा आर्थिक करिडोरहरुमा ग्रामीण क्षेत्रका उत्पादनहरूको पहुँचलाई सहज बनाउन र निश्चित क्षेत्रमा मात्र उद्योग स्थापना गर्नको लागि करिडोरको अवधारणालाई लागू गर्न क्षेत्र छनोट गरी पूर्वाधार निर्माण गर्ने,
- एकीकृत रूपमा सहरी पूर्वाधार निर्माण गर्न सघन सहरी विकास कार्यक्रमलाई थप प्रभावकारी, व्यवस्थित र विस्तार गर्ने,

- शहरबाट उत्सर्जन हुने फोहोर मैला बिसर्जनका लागि उपयुक्त जग्गाको अभाव र सञ्चालन तथा मर्मत सम्भारमा बारम्बार आइरहने समस्या समाधानकालागि भौगोलिकरूपमा निकट रहेका शहरहरूको एकै स्थानमा व्यस्थापन गर्ने गरी फोहरबाट प्राङ्गारीक मल तथा ऊर्जा उत्पादन गर्न अध्ययन गर्ने,
- बागमती नदी र यसका सहायक नदीहरु सफा र स्वच्छ बनाई नदी करिडोर निर्माण तथा सौन्दर्यीकरण गर्ने,
- मदन भण्डारी लोकमार्गका उपयुक्त स्थानमा औद्योगिक करिडोर निर्माणका लागि प्राथमिकता दिई पर्याप्त बजेट व्यवस्था गर्ने,
- बसाई सराइको प्रवृत्तिलाई समेत ध्यान दिई पुष्पलाल लोकमार्गका उपयुक्त स्थानमा आधुनिक सुविधा सम्पन्न सहरीकरणका कार्यक्रम लागू गर्ने,
- छिटोछरितो सेवा प्रवाहका लागि आधुनिक सार्वजनिक भवन निर्माण गर्दा एकीकृत सरकारी कार्यालय भवनहरु निर्माण गर्ने।

## ११. बजेट निर्माणका सम्बन्धमा सुझाबहरु

- दीर्घकालीन नीति, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, मध्यकालीन खर्च संरचना र बजेटका बीच अन्तर आवद्धता कायम गर्ने,
- पूर्व सहमति दिएका विषयमा र अनिवार्य दायित्वमा पुग्दो रकम विनियोजन गर्ने,
- अनिवार्य दायित्व र स्रोत सहमति दिएका विषयहरु समावेश गरेपछि मात्र अन्य आयोजना र कार्यक्रममा बजेट छुट्याउने र आइन्दा पूर्व सहमति दिने अभ्यास अन्त्य गर्ने,
- १ अर्ब भन्दा बढी लागतका आयोजना आयोजना बैंकमा समावेश हुनुपर्ने र आयोजना बैंकमा समावेश भएका आयोजनामा मात्र संघीय निकायको बजेट विनियोजन गर्ने,
- तयारी सम्पन्न नभएका आयोजनामा बजेट विनियोजन नगर्ने र नयाँ योजनाको अध्ययनका लागि बजेट सुनिश्चित गर्ने,
- संघियता कार्यानवयनमा तीन तहको सरकारको जिम्मेवारी हुने हुँदा संघ, प्रदेश र स्थानीय तह बीच बजेट निर्माण प्रक्रियामा समन्वय गर्ने,
- बजेट निर्माण गर्दा मन्त्रालयले साना-साना आयोजना प्रस्ताव गर्ने प्रवृत्ति रोक्ने।

## १२. बजेट कार्यान्वयनका सम्बन्धमा सुझावहरु

- स्वीकृत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न चालु आर्थिक वर्ष भित्रै स्पष्ट जिम्मेवारी सहितको कार्यान्वयन कार्ययोजना तयार गरी कडाईका साथ लागू गर्ने,
- बजेट कार्यान्वयनमा प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सचिव र महाशाखा प्रमुख तथा विभागीय प्रमुख सबैलाई व्यक्तिगत रूपमा उत्तरदायी बनाउन लक्ष्य तोकिएको कार्यसम्पादन सम्झौता गरी निश्चित अवधि पश्चात नतिजा सहितको मूल्याङ्कन गरी दण्ड पुरस्कारको समेत व्यवस्था गर्ने र आयोजना अवधिमा सम्बन्धित कर्मचारीलाई सरुवा नगर्ने,
- पुँजीगत खर्च गर्ने मन्त्रालयले आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने प्रत्येक भौगोलिक क्षेत्रमा सांगठनिक संरचना तथा दक्ष जनशक्तिको व्यवस्था गरी बजारमा उपलब्ध प्राविधिक कर्मचारीहरु अस्थायी

रुपमा करारमा लिने र दीर्घकालमा लोकसेवा आयोग मार्फत स्थायी नियुक्ति गरी कर्मचारीको अभाव हुन नदिने,

- धेरै हिस्सामा पुंजीगत खर्च गर्ने विकाससँग सम्बन्धित मन्त्रालयले प्रदेश र स्थानीय तहसँग समन्वय गरी आयोजनामा हुने duplication हटाउने,
- सार्वजनिक खरिद ऐन तथा नियमावलीलाई समय, लागत, गुणस्तर, उपलब्धि आदिमा लक्ष्य अनुरुप कार्यसम्पादन हुने गरी संशोधन गर्दै खरिद प्रक्रियालाई व्यवस्थित गर्ने,
- कुनै पनि सरकारी निकायको विकास आयोजना अन्य सरकारी निकायको ऐन कानुन तथा प्रक्रियाले गर्दा ढिला हुँदा सरकारको नै लागत बढ्ने हुँदा त्यस्ता निकायहरुबीच समन्वय गरी बाधा अड्काउ फुकाउने वा ऐन, कानुन संशोधन गर्ने वा प्रक्रियालाई एकद्वार प्रणालीमा लग्ने कार्य क्षेत्र तोकी छुट्टै संरचना बनाउने,
- आर्थिक वर्षको अन्त्यमा आएर नयाँ कार्यक्रममा थप बजेट निकासा गर्ने, पूँजीगत खर्चको शीर्षकबाट चालु खर्च शीर्षकमा बजेट रकमान्तर गर्न निवेदन गर्ने मन्त्रालय र अर्थ मन्त्रालयको पदाधिकारीलाई कानुनी रुपमा जिम्मेवार बनाई त्यसको नियन्त्रण गर्ने,
- चालु आ.व. मै कार्यविधि, निर्देशिका बनाई श्रावणदेखिनै बजेट कार्यान्वयन गर्ने गराउने,
- समयमा निकासा हुने र काम सम्पन्न भएपश्चात विद्युतीय भुक्तानी हुने व्यवस्था बजेट कार्यान्वयनका लागि अति आवश्यक रहेकोले स्वचालित भुक्तानी प्रणाली अनिवार्य गर्ने,
- ठोस अनुगमन, मूल्याङ्कन गरी बजेट कार्यान्वयनलाई दण्ड र पुरस्कारसँग जोडी बजेट कार्यान्वयनलाई प्रभावकारी र नतिजामूलक बनाउने।

**१३. राजस्व बाँडफाँट र वित्त व्यवस्थापन सम्बन्धमा**

- प्रदेश तथा स्थानीय तहको fiscal gap पत्ता लगाउन अध्ययन अनुसन्धान गर्न राजस्व क्षमता र खर्चको आवश्यकता लगायतको indicator को पुनरावलोकन गर्ने,
- प्राकृतिक श्रोतको संकलन र बाँडफाँट सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीच द्वन्द्व सिर्जना नहुने गरी वैज्ञानिक तथा वस्तुनिष्ठ आधार तयार गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको आर्थिक कारोबार स्पष्ट रुपमा देखिने गरी एकीकृत प्रतिवेदन प्रणाली बनाउन आवश्यक कानुनी, संस्थागत र प्रणालीगत व्यवस्था गर्ने,
- अन्तरसरकारी वित्त हस्तान्तरणलाई नतिजामुखी, पारदर्शी र अनुमानयोग्य बनाउने,
- समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकम स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, रोजगारी सिर्जना तथा सामाजिक न्याय कायम गर्न विनियोजन गर्ने व्यवस्था मिलाउने,
- स्थानीय तहमा जाने सशर्त तथा निशर्त अनुदानको रकम वृद्धि हुने गरी मापदण्ड तयार गर्ने,
- प्रदेश र स्थानीय तहमा गएको वित्तीय हस्तान्तरण सम्बन्धमा अनुगमन तथा मूल्यांकन गर्ने छुट्टै संयन्त्र बनाउने।

**१४. राजस्व व्यवस्थापन सम्बन्धमा**

- अर्थतन्त्रको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा रहेकोले अनौपचारिक अर्थतन्त्रलाई औपचारिक क्षेत्रमा ल्याउन व्यापक रुपमा निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने,

- आयात र निर्यातमा हुने चोरी नियन्त्रण गर्न निगरानी र अनुसन्धानात्मक क्षमताको विकास गरी यस कार्यमा संलग्न पक्षलाई कडा कारवाही गर्दै राजस्व चुहावटलाई निरुत्साहित गर्ने,
- करको सम्भावित क्षेत्रहरु पहिचान गरी करको दायरामा वृद्धि गर्ने,
- साना करदाताले आय विवरण र कर विद्युतीय माध्यमबाट बुझाउन सक्ने व्यवस्था गर्ने,
- करदाता प्रमाण-पत्र स्वचालित प्रणालीबाट करदाता स्वयंले लिन पाउने व्यवस्था गर्ने,
- मूल्य अभिवृद्धि करमा बहुदर पद्धति लागू गर्न अध्ययन गर्ने,
- गैरकर राजस्वको दायरा विस्तार गर्दै दरलाई पुनरावलोकन गर्ने,
- तयारी वस्तु भन्दा कच्चापदार्थको भन्सार दर दुई तह कम गर्ने,
- विश्व ब्यापार संगठन, बिमस्टेक, साफ्टा आदिमा गरिएको प्रतिबद्धता अनुसार भन्सार दरबन्दी घटाउदै लैजाने,
- Exim Code वर्षेनी नविकरण गर्नु पर्ने व्यवस्थालाई सुधार गरी एक पटकमा ५ वर्ष सम्मको अवधि कायम रहने गरी Exim Code नविकरण हुने व्यवस्था गर्ने,
- भन्सार नाकामा अन्तर्राष्ट्रियस्तरको प्रयोगशालाको अभावले व्यवसायीहरुले अनावश्यक व्ययभार तथा कठिनाई भोग्नु परिरहेको वर्तमान परिप्रेक्षमा आयात तथा निर्यातलाइ सहजीकरण गर्न स्तरीय प्रयोगशालाको व्यवस्था गर्ने,
- एकिकृत भन्सार पोष्ट (ICP) अन्य स्थानमा छिट्टै विस्तार गरिनु पर्ने र परिसरमै आधुनिक सुविधा सम्पन्न प्रयोगशाला, क्वारेन्टाईन, बैंक लगायतका पूर्वाधार उपलब्ध गराउने,
- सुर्ति तथा मदिराजन्य वस्तु बाहेक स्वास्थ्यमा प्रतिकुल असर नपर्ने अन्य सबै वस्तुहरुमा अन्तः शुल्क खारेज गर्ने।

## १५. वित्तीय व्यवस्थापन सम्बन्धमा

- वित्तीय व्यवस्थापनमा data management कमजोर रहेकोले वैज्ञानिक तथ्याङ्क व्यवस्थापन प्रणाली लागू गर्ने,
- बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा गर्नुपर्ने लगानीलाई अनिवार्य गरी सोको प्रभावकारी अनुगमन गर्नुपर्ने,
- क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुले लगभग एकै प्रकारको कार्य सेवा प्रदान गर्दै आएको परिप्रेक्षमा यी ३ बर्गका बैंक तथा वित्तीय संस्थाहरूले गर्ने काम र कार्यक्षेत्र विशिष्टिकृत गरिनुपर्ने,
- मुलुकको Credit Rating नभएको अवस्थामा परिवर्त्य विदेशी मुद्रामा ऋण उठाउन कठिनाई रहेको र हालको अवस्थामा यसले गर्दा व्याज समेत उच्च रहेकोले हाल प्रकृयामा रहेको Credit Rating लाई यथाशिघ्र सम्पन्न गर्ने,
- पुँजी बजारको स्थायित्व, विकास र अनुमानयोग्य बनाउन यस क्षेत्रमा रहेका कानुनी, कार्यविधिगत, कार्यशैलिगत र नियमनमा कमजोरी सुधार गर्ने,
- वैदेशिक रोजगारीमा जाने संख्यामा वृद्धि भएको अनुपातका आधारमा रेमिटयान्स अपेक्षाकृत ढंगले वृद्धि नभएकोले रेमिटयान्स बैंक मार्फत पठाउँदा प्रोत्साहन स्वरुप सहुलियत प्रदान गर्ने तथा श्रम

स्वीकृति नविकरण गर्दाका बखत समेत रेमिट्यान्स बैंक मार्फत पठाएको प्रमाण पेश गर्नुपर्ने प्रावधान अनिवार्य गर्ने,

- बैंक तथा वित्तीय संस्थाको संस्थागत निक्षेपकर्ताहरुले दीर्घकालिन रुपमा ५ वर्ष मात्र मुद्दती निक्षेप राख्न पाउने तथा ती संस्थाहरुलाई प्रदान गरिने व्याज व्यक्तिगत निक्षेपकर्ताहरु भन्दा उल्लेख्य रुपमा कम गर्नुपर्ने,
- नेपालले CoP 26 सन्धीमा हस्ताक्षर गरिसकेको अवस्थामा देशमा green fund भित्राउन आवश्यक नीति तर्जुमा गर्ने,
- तरलताको अभाव भइरहेको सन्दर्भमा सरकारी ढुकुटिमा खर्च नभई सञ्चित रुपमा रहेको रकमलाई पुँजीगत खर्च समेत हुने व्यवस्था सहित बजारमा प्रवाह गर्ने व्यवस्थाको लागि आवश्यक व्यवस्था मिलाउने,
- अवैध रुपमा सञ्चालित क्रिप्टोकरेन्सीको क्रियाकलापहरुलाई व्यवस्थित गर्न छिमेकी मुलुकहरुले लिएको नीतिगत व्यवस्थाहरुलाई समेत मध्यनजर गर्दै यस विषयमा थप अध्ययन गरी समय सापेक्ष निर्णय लिने।

## १६. अन्य सुझावहरुः

- अन्तर्राष्ट्रिय, राष्ट्रिय परिवेश लगायत व्यवसायिक कमजोरीका कारणले समेत अत्याधिक मूल्यवृद्धि हुँदै गएको सन्दर्भमा मूल्य वृद्धि नियन्त्रण गर्न प्रभावकारी कदम चाल्ने,
- निजीकरण भएका सार्वजनिक संस्थानको मर्ज गरी नयाँ रणनीति अनुरुप सञ्चालन गर्ने,
- सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को सुझावहरु कार्यान्वयन गर्न कर्ययोजना बनाई चालु खर्चमा मितव्ययीता कायम गर्ने,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अनुसार सार्वजनिक निकायको जिम्मेवार पदाधिकारीलाई खर्चको नतिजाप्रति जिम्मेवार बनाउने,
- सार्वजनिक निर्माण तथा सुधारको काम गर्दा अन्तर सम्बन्धित सबै कामको लागत अनुमान तयार गरी एउटै ठेक्का प्याकेजमा समावेश गर्नुपर्ने,
- सामाजिक सुरक्षाको रकमलाई electronic fund transfer system मार्फत सामाजिक सुरक्षा सेवाग्राहीलाई रकम हस्तान्तरण गर्नुपर्ने,
- Green Recovery कार्यक्रम मार्फत अर्थतन्त्रलाई पुनरुत्थान गर्नुपर्ने,
- शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्थाले अर्थतन्त्रमा पार्ने प्रभावलाई विश्लेषण गरी आवश्यक निर्णय लिने,
- संघीयता कार्यान्वयन सहजीकरण, मानव स्रोत व्यवस्थापन, स्थानीय पूर्वाधार विकासमा सहजीकरण, सेवा प्रवाह र सुशासनलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने,
- विपदको पूर्व तयारी, खोज, उद्दार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गरी विपद् कार्यमा संलग्न निकायलाई सुदृढीकरण गर्न बजेट व्यवस्था गर्ने,
- राष्ट्र सेवक कर्मचारीहरुलाई प्रोत्साहित गर्न सहुलियत दरमा आवास सुविधा उलब्ध गराउने,

- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन प्रविधिमैत्री छिटो छरितो तथा सहज किसिमको सार्वजनिक सेवाको व्यवस्था गर्नुपर्ने, यसका लागि जिम्मेवार पदाधिकारीको कार्यसम्पादनलाई दण्ड तथा पुरस्कारसँग आवद्ध गर्नुपर्ने,
- सुशासन तथा छिटो छरितो सेवा प्रवाहको लागि नागरिक सन्तुष्टि सर्वेक्षण कार्यक्रम, सरकारी निकायको व्यवस्थापन परीक्षण र एकीकृत online system लागू गर्ने,
- डिजिटल नेपाल फ्रेमवर्कको अवधारणालाई कार्यान्वयन गर्न संस्थागत संयन्त्र खडा गरी देशव्यापी रुपमा सूचना प्रविधिसम्बन्धी पूर्वाधारहरु निर्माण गरी सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाउने,
- निर्यात प्रर्वद्धनका लागि अत्याधुनिक निर्यात गृह (एक्सपोर्ट हाउस)को अवधारणा ७ वटै प्रदेशमा लागू गर्ने,
- लगानी प्रवर्द्धन तथा लगानीकर्ता आकर्षित गर्न 3R- Reach, Retain and Regain रणनीति अनुरुप प्रबर्द्धनका कार्यक्रमहरु संचालन गर्ने,
- आर्थिक कूटनीति नेपालको परराष्ट्र नीतिको प्रमुख खम्बाको रुपमा अवलम्बन हुने गरी शर्त सहित कुटनीतिक नियोगलाई बजेट व्यवस्था गर्ने,
- नेपालको कूटनीतिक नियोगहरु नेपालमा लगानी प्रबर्द्धनका लागि अधिकतम परिचालन गर्दै लगानी प्रवर्द्धन सम्बन्धी विभिन्न क्रियाकलापहरु संचालन गर्ने,
- रुग्ण उद्योगहरुको सम्बन्धमा लगानी बोर्ड र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वय र सहकार्यमा त्यस्ता उद्योगहरुलाई सार्वजनीक-निजी साझेदारीका विभिन्न मोडालिटी अवधारणा अनुसार अगाडि बढाउन प्रबन्ध मिलाउने,
- संकटको अवस्थामा रोजगारी गुमाएका वर्गलाई रोजगारीमा प्राथमिकता दिई रोजगारी र स्वरोजगारीका अवसर उपलब्ध गराउने,
- राहत प्याकेज उपलब्ध गराउँदा अशक्त, वृद्ध, असाहय गर्भवती महिला, बिरामी व्यक्तिलाई प्राथमिकता दिनुपर्ने,
- सबै क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्दा रोजगारी सृजना, आन्तरिक उत्पादन र उत्पादकत्व अभिवृद्धि साथै गरिबी निवारण लगायतका पक्षलाई आधार मानी कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने।